**मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमितरूपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ पुस ०४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 19 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १११


## विद्यालय छ, दरबन्दी छैन, खानेपानी टङ्की छ, पानी छैन

जीतलाल श्रेष्ठ, निजगढ, ३ पुस/

निजगढ नगरपालिका–१२ स्थित मञ्जुश्री आधारभूत विद्यालयको भौतिक संरचनामा सुधार आए पनि स्थायी शिक्षक/शिक्षिका छैनन् ।

विद्यालय स्थापनाताका बाँसको घेराबार, टायलको छाना अनि चीसो भुइँ र काठको मुढालाई टेबल, बेन्च मानेर सुरुशाती दिनहरूमा पढाइ हुँदै आए पनि विगतभन्दा अहिले यस्ता संरचनाहरूमा निकै सुधार आइसकेको छ । तर अहिलेसम्म पनि विद्यालयमा सरकारी दरबन्दीका शिक्षक/शिक्षिकाहरू छैनन् ।

तामाङ समुदायको अधिक बाहुल्य रहेको कारण विद्यालयमा पढ्न आउने बालबालिकाहरू आदिवासी, जनजाति तामाङ छन् । स्थानीय गाउँलेहरू मिलेर विद्यालय स्थापना गरेको १४ वर्ष हुन लागेको छ । विद्यालयमा दुईजना शिक्षक, तीनजना शिक्षिका र एकजना महिला कार्यालय सहयोगी छन् । एकजना बालविकास कोटामा पढाउने शिक्षिका र कार्यालय सहयोगीलाई निजगढ नगरपालिकाको स्रोतबाट तलब सुविधा उपलब्ध छ भने प्रधानाध्यपकसहित चारजना शिक्षक/शिक्षिकाको तलब, सुविधा विद्यालयको आन्तरिक र निजी स्रोतबाट जेनतेन जोहो हुँदै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सोनम सिंह गोलेले बताए ।

शैक्षिक सत्रमा कम्तीमा डेढ सयदेखि बढीमा दुईसयसम्म विद्यार्थी भर्ना हुने गर्छन् । तर आर्थिक अभाव र अन्य कारणले विद्यालयमा दैनिक ८० देखि



तस्वीरः प्रतीक

११० जनासम्म विद्यार्थी नियमित पढ्न आउने गरेको विद्यालयका एकजना शिक्षकले बताए ।

प्रत्येक वर्ष दशैं, तिहार मनाउँदा आर्थिक ऋणभार हुने गरेपछि बुबाआमाहरू आर्थिक जोहो गर्न काठमाडौंलगायतका स्थानमा मजदूरी गर्न जाने गरेपछि बालबालिकाहरू पनि अभिभावक पछ्याउँदै जाने गर्छन् । जसका कारण एकातिर विद्यालयमा उनीहरूको उपस्थिति कमजोर हुने गरेको छ । राज्यको नीति अनुसार स्थानीय तहले शिक्षा क्षेत्रमा वार्षिक करोडौं रकम लगानी गरे पनि फलदायी नतीजा हात पर्न अझै सकिएको छैन । यसको असर डेढ/दुई दशकपछि विकराल रूपमा देखिने शिक्षाप्रेमीहरू बताउँछन् ।

सो विद्यालयको भौतिक संरचनामा रु ५० लाखभन्दा बढी सङ्घ, प्रदेश, स्थानीय तहको लगानी लागेको निजगढ नपा १२ नं वडा कार्यालयका अध्यक्ष ज्ञानबहादुर गोलेले बताए । अहिले विद्यालयको भौतिक संरचना दुई/दुई कोठे दुईवटा पक्की भवन र जस्ताले छाएको एउटा भवन छ । विद्यालय परिसरलाई घेराबार गर्न नसक्दा विद्यालयमा पढ्न आउने बालबालिकाका लागि मनोरञ्जनात्मक खेल सामग्रीहरू र अन्य संरचनात्मक सामग्रीहरू राख्न नसकिएको विद्यालयले जनाएको छ ।

विद्यालयमा छात्रछात्राका लागि पक्की शौचालय, खानेपानी टङ्की छ । तर चुरे फेदको बस्तीमा रहेको यस भावर क्षेत्रको विद्यालयमा पिउने पानीको चरम अभाव छ । विद्यालयनजीकै रहेको इनारमा तीन वर्षअघिदेखि पानी सुकेपछि विद्यालयसँगै यहाँ रहेका दुई सयभन्दा बढी घरधुरीमा पिउने पानीको समस्या छ । नजीकैको चुरेमा भएका मूल, मुहानबाट पाइपद्वारा पानी ल्याइए पनि पर्याप्त छैन । असार, साउनमा मूल, मुहान धमिलो हुने, चैत, वैशाख, जेठमा सुक्दा पानीको समस्या जटिल हुने वडाध्यक्ष गोलेले बताए । नियमितरूपमा विद्यार्थीहरू विद्यालय आऊन् भनेर निजगढ नपाले रु १५ को दरले दिवाखाजाका लागि रकम उपलब्ध गराउँदै आए पनि प्रभावकारी देखिएको छैन ।

पछिल्लोपटक निजगढ नगरभित्र विद्यालयका भौतिक संरचनाको तीव्र निर्माण हुँदै आए पनि शैक्षिक गुणस्तरमा भने अझै सुधार हुन नसकेको निजगढवासी बताउँछन् । सम्बन्धित निकायहरूबाट विद्यालयहरूको अनुगमन नहुँदा बाहिरबाट चिटिक्क परेको विद्यालयको शैक्षिक गुणस्तर भने कमजोर रहेको शिक्षाप्रेमीहरू बताउँछन् ।

सङ्घ, प्रदेशको शिक्षा ऐन र स्थानीय तहले तयार गरेको कार्यविधिलाई टेकेर शैक्षिक सुधारका लागि निर्देशन दिने र अनुगमन गर्दै आइरहेको निजगढ नगरपालिका शिक्षा शाखा प्रमुख उत्तम लामिछानेले बताए । शिक्षा सुधारमा जोड दिन निर्देशन दिंदै आइरहेको उनले बताए ।

सरकारले नयाँ दरबन्दी नखोल्दा वर्षौंदेखि एकैखाले समस्या दोहोरिने गरेको शिक्षाविद्हरू बताउँछन् ।

## रक्सौल नगर निगमको चुनाव, पुरुषभन्दा बढी महिला

प्रस, रक्सौल, ३ पुस/

रक्सौल नगर निगमको निर्वाचन



तस्वीरः प्रतीक

आइतवार सम्पन्न भएको छ ।

आज भएको निर्वाचनमा कुल मतदाताको ६२.२३ प्रतिशत मतदान भएको छ ।

रक्सौल नगर निगममा कुल मतदाता सङ्ख्या ४२ हजार ६९३ जना छन् । महिला मतदाता २० हजार ८६ र पुरुष मतदाता २२ हजार ७०७ छन् ।

आज बिहारमा पहिलो चरणको मतदान मोतिहारी जिल्लाको सुगौली, चकिया र रक्सौल नगर निगम गरी तीनवटा स्थानमा भएको छ । यो चुनावमा रक्सौल नगर निगमबाट मुख्य पार्षद्का लागि १६ जना, उपपार्षद्का लागि १० जना र वडा पार्षद्का लागि ७७ जना गरी कुल १०३ जना चुनावी मैदानमा छन् ।

आइतवार मतदान भएपछि वीरगंज–रक्सौल सीमानाका बिहान ५ देखी साँझ ७ बजेसम्मका लागि बन्द रह्यो । यसबाहेकका नाकाहरू भने शनिवार राति १० देखि बन्द गरिएको हाम्रा ग्रामीण संवाददाताहरूले बताएका छन् । दोस्रो चरणको चुनाव बिहारमा पुस ७ गते ( डिसेम्बर २२)का दिन हुने निर्वाचन तालिका छ ।

## इनर बाइपासको फूटपाथ, नाला अतिक्रमणमुक्त

प्रस, वीरगंज, ३ पुस/

वीरगंज महानगरपालिकाले नगरका विभिन्न स्थानका फूटपाथ र नालामाथि राखिएका निर्माण सामग्री हटाउने कार्यलाई निरन्तरता दिएको छ ।

हिजो शनिवार वडा नं ४ बिर्तादेखि शुरू भएको यो अभियान हिजो र आज वडा नं १५ को इनर बाइपासमा चलाइएको थियो । इनर बाइपासको ४० फिटे बाटोको अतिक्रमण हटाएको वीरगंज महानगरका फोहोर व्यवस्थापन तथा हरियाली समितिका संयोजक प्रकाश खेतानले बताए । उनले सडकछेउ, फूटपाथ र नालामाथि जथाभावी निर्माण सामग्री तथा ठेला राखेर व्यवसाय गर्दा पैदल हिंड्ने र सवारी दुर्घटना हुन सक्ने देखिएकाले महानगरले अतिक्रमण हटाउने

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

## पत्रकार हकहितमा भ्याएसम्मको काम गरेको छु –मुख्यमन्त्री गद्दी

प्रस, वीरगंज, ३ पुस/

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले प्रदेश सरकारले भ्याएसम्म पत्रकारहरूको हकमा काम गर्दै आएको





तस्वीरः प्रतीक

दाबी गरेका छन् ।

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश समितिको तेस्रो साधारणसभाको आइतवार वीरगंजमा उद्घाटन गर्दै मुख्यमन्त्री गद्दीले संविधानले दिएको अधिकार प्रयोग गरी मधेसमा आमसञ्चार प्राधिकरण र मधेस मिडिया काउन्सिल गठन गरिएको बताए । अन्य प्रदेशले यो कार्य गर्न नसकेको उनको दाबी थियो । उनले प्राधिकरण र काउन्सिल गठन प्रक्रियामा केही त्रुटि भए सच्याएर जान सकिने भन्दै आजको बन्दसत्रबाट गठन प्रक्रियामा सच्चाउनुपर्ने बुँदाहरूबारे छलफलबाट निर्णय गरी पठाउन सुझाए ।

मुख्यमन्त्री गद्दीले आफू सरकारमा नरहे पनि पत्रकारहरूको हकमा आउँदा दिनमा पनि सहयोग गर्दै जाने प्रतिबद्धता व्यक्त गरे ।

उनले पत्रकारहरूको हितका लागि मधेस प्रदेश सरकारले आफ्नो प्रदेशका महिला पत्रकारहरूको स्वास्थ्य तथा दुर्घटना बीमा गरिसकेको र चाँडै अन्य सबै पत्रकारको पनि स्वास्थ्य, दुर्घटना र जीवन बीमा गराउने गरी कार्य अगाडि बढाउने बताए । आफू मुख्यमन्त्री नभए पनि यो कुराको टेबल प्रदेशसभामा गर्न लगाउने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष रमेश विष्टले अहिले पनि नेपालको सञ्चार क्षेत्र २०२५ कै कानूनले सञ्चालन भइरहेको बताए ।

उनले महासङ्घको विधानलाई अझ परिमार्जित गर्नुपर्ने बताए । प्रदेश समितिलाई बलियो बनाउनका लागि चाँडै हुने केन्द्रीय भेलाले पारित पर्ने आश्वासन दिए । उनले प्रदेश समितिले उठाएका समस्या महासङ्घले समाधान गर्ने बताए ।

प्रदेश अध्यक्ष राजेश कर्णको अध्यक्षतामा भएको उद्घाटन सत्रमा सचिव दीपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामिछाने, शिव पुरी, निप्रजिअ महेशराज तिमल्सिना, सप्रजिअ भीमकान्त पौडेल, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, पत्रकारहरू महेश दास, राघव साह, नीरज पिठाकोठे मगर, कमल उपाध्यायलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्वागत नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले गरे भने सहजीकरण प्रदेश महासचिव श्याम बन्जाराले गरेका थिए ।

यसअघि प्रदेश समितिको अगुवाइमा बिहान घण्टाघरबाट प्रभातफेरी निकालिएको थियो । घण्टाघरबाट निकालिएको प्रभातफेरी नगरपरिक्रमा गर्दै सभास्थलमा पुगेर समापन भएको थियो ।

## ट्रकमा ठोक्किएर दुईजनाको मृत्यु

प्रस, निजगढ, ३ पुस/

ट्रकमा ठोक्किएर मोटरसाइकलमा सवार तीनजनामध्ये दुईजनाको आइतवार





तस्वीरः फाइल

घटनास्थलमा नै मृत्यु भएको छ भने अर्का एकजना गम्भीर घाइते छन् ।

मृत्यु हुनेहरूमा रौतहट, गुजरा नगरपालिका–३ सिम्रीका २६ वर्षीय भुवन पहरी र २७ वर्षीय रीतबहादुर राई रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ । गम्भीर घाइते हुनेमा सोही ठाउँका २४ वर्षीय सुशील माझी रहेका

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**आफ्नो खुशी, दिमाग र जीवनमा अरूलाई दखल हुन नदेऊ, तिमीले जीवनमाथि स्वनियन्त्रण गर्न सकेनौ भने अरूले त अवश्य नै दखल गर्नेछ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# चीसो बढ्यो

**केही दिनयता तापक्रम घट्न थालेको छ। मुलुकका प्राय: सबै स्थानमा चीसोको अनुपात बढ्दो छ। विशेषगरी बिहान र बेलुका निकै चीसो हुन थालेको छ। मुलुकको राजधानी काठमाडौंको तापक्रम बिहानीपख ६ डिग्री सेल्सियसभन्दा तल ओर्लन थालेको छ। रातको समयमा आकाश खुला हुने र शीत पर्ने हुँदा साँझभन्दा बिहानीपख चीसो बढी हुने गरेको हो। उच्च पहाड र हिमालमा हिमपात शुरू भइसकेको छ। अङ्ग्रेजी क्यालेन्डर अनुसार डिसेम्बर र जनवरी महीना हाम्रो क्षेत्रमा सबैभन्दा चीसो महीना हुन्। केही उच्च हिमाली भागमा सामान्य हिमपात शुरू भएको छ भने तराई क्षेत्रमा हुस्सु लाग्न थालेको छ। बाक्लो हुस्सुको कारण 'भिजिबिलिटी' कम हुँदा यस सातादेखि सिमरा, विराटनगरलगायत मधेस क्षेत्रका हवाई सेवासमेत अनियमित बनेको छ।**

**जाडोयाम विपन्न परिवारको लागि महासङ्कट बनेर आउँछ। तराई–मधेस क्षेत्रमा चीसोका कारण हरेक वर्ष सर्वसाधारणले अकालमा ज्यान गुमाइरहेका छन्। हुनत हिमाली क्षेत्रका बासिन्दा पनि हिउँद महीनाबाट पीडित छन्। तर हिमाल बस्ने अधिकांश हिउँद लागेपछि बेंसी झर्ने अर्थात् तातो क्षेत्रमा सर्ने भएकाले त्यहाँ मानवीय क्षति कम हुन्छ। हिमालीहरू बेंसी झर्नु पनि सावधानीको भरपर्दो उपाय हो। तर तराई–मधेस क्षेत्रका बासिन्दा चीसोबाट जोगिन अन्यत्र बसाइँ सर्ने विकल्प छैन। चीसोले गर्दा मुटुरोग, रक्तचाप तथा हृदयघात, फोक्सोमा समस्या अर्थात् श्वासप्रश्वास प्रणालीमा अवरोध, ग्यासट्रिक, हाड तथा नसाका समस्याले सताउँछ। त्यसैगरी, निमोनिया, रुघाखोकी, ज्वरोलगायतका समस्या आउने हुँदा बालबालिका, ज्येष्ठ नागरिक, विकलाङ्ग, असहायहरूका लागि कष्टकर हुन सक्छ। समयमा सतर्कता अपनाउन नसक्दा र समस्या आइसकेपछि पनि त्यसबाट बचाउने उपाय समयमा हुन नसक्दा मानिसको ज्यान जाने गरेको छ। कतिपय सम्पन्न वर्गका व्यक्तिहरू पनि चेतना अभावका कारण जाडोविरुद्ध बचावका उपाय अपनाउन नसक्दा ज्यान गुमाइरहेका छन्। शीतलहर हावापानीजन्य मौसमी प्रकोप हो। हुनत जाडोयाममा सबैतिर ठिहिरो लाग्छ तापनि तराईमा हुस्सुका कारण उत्पन्न हुने विषम मौसमी परिस्थिति शीतलहर पार गर्न गाह्रो छ। हरेक वर्ष तराई–मधेसमा जाडोयाममा शीतलहर लाग्ने र जनधनको क्षति हुने गरेको कुरा कोहीसँग लुकेको छैन। चीसोले जनस्वास्थ्य, आवागमन, खेतीबाली र पशुपक्षीको स्वास्थ्यमा समेत असर गर्ने हुँदा शीतलहरको कहर तराईमा गम्भीर हुँदै आइरहेको छ। बितेको २०–२५ वर्षयता शीतलहरबाट हुने क्षतिको परिमाण बढ्दै गएको अनुसन्धानमा संलग्न विज्ञहरूको ठहर छ। फेरि पनि सावधानीका कुरा छेपारोको कथा बनेको छ।**

**हामीकहाँ जाडो सकिएपछि के कस्तो अवस्था भयो, अब के कसरी तयारी गर्नुपर्ने रहेछ भन्ने समीक्षा हुने परिपाटी छैन। कुनै विपद् घटनाबाट सिकेर अर्कोमा राम्रो गरेको बिरलै पाइन्छ। सबै समस्याको समाधान प्रशासनिक मात्रै हुन्छ भन्ने मान्यता छ। घटनाको वैज्ञानिक विश्लेषण, प्राविधिक समाधान, उपयुक्त यन्त्र औजार, सीपका कुरा धेरै टाढा छन्। सामान्य मानवीय सहायता, सुरक्षाकर्मीले चोकमा दाउरा बालिदिने, कम्बल दिने र स्वास्थ्यकर्मीले ओखतिमूलो गर्ने जस्ता प्रयास भएका छन्। शीतलहरका घटना र प्रभावसम्बन्धी जानकारी पनि यथेष्ठ सङ्ग्रह भएका छैनन्। यस वर्ष पनि शीतलहर शुरू हुन थालिसक्यो। तर हामी योजनाविहीन छौं।**

# विद्यार्थी अनुत्तीर्ण हुनुमा जिम्मेवार को ?

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**कतिपय अभिभावक विद्यार्थीलाई शिक्षकहरूको सजायबाट बचाउन स्वयं गृहकार्य गरेर विद्यालय पठाउने गर्दछन्। कठिन परेको विषयमा मार्गनिर्देशन दिनुको साटो पाठको समस्याबाट विद्यार्थीहरूलाई वञ्चित गराइदिनु उनीहरूको भविष्यमा विष घोल्नु वा अवरोध तेर्साउनु हो।**

विद्यार्थीहरू अनुत्तीर्ण भए भने सबैले– तिनका अभिभावक, विद्यालयका शिक्षक र साथीहरूले समेत विद्यार्थीलाई नै दोषी ठान्ने गर्दछन्। परिणामत: सबैद्वारा अनुत्तीर्ण हुने विद्यार्थीहरूलाई अयोग्य, नालायक, बदमाश, पढाइ नगर्ने, पढाइमा ध्यान नदिने, कसैलाई नटेर्ने आदि संज्ञाले विभूषित तथा प्रताडित गरिएका थुप्रै उदाहरण छन्। कतिपय अभिभावक त आक्रोशित भई विद्यार्थीलाई पिट्ने तथा मानसिक आघात पुऱ्याउन पनि पछि पर्दैनन्। तर के हामीले कहिल्यै सोचेका छौं कि विद्यार्थी अनुत्तीर्ण हुनुमा को जिम्मेवार छ ?

विद्यार्थीहरू अनुत्तीर्ण हुनुको पछाडि मात्र विद्यार्थी जिम्मेवार नभई थुप्रै कारणहरू हुन सक्छ। यस आलेखमा त्यही कारण पत्ता लगाउने जमर्को गरिएको छ। यसरी अनुत्तीर्ण हुनुको कारण खोतल्दा शिक्षकहरूबाट विद्यार्थीहरू राम्ररी प्रशिक्षित नहुनु, विद्यालयमा शिक्षकहरू फेरिइरहनु, अभिभावकहरूबाट विद्यार्थीको पढाइ सम्बन्धमा खोजखबर नलिनु, परीक्षाको बेला विद्यार्थीहरूमा अनावश्यक भय–त्रास उत्पन्न गराउनु र स्वयं विद्यार्थीद्वारा पढाइमा ध्यान नदिनु, समस्या सम्बन्धमा विषयगत शिक्षकसँग सोधपुछ नगर्नु, कक्षामा ध्यान दिएर नपढ्नु आदि थुप्रै कारण हुन सक्छ। तर यी कारणमध्ये सबैभन्दा प्रमुख एवं महत्त्वपूर्ण भूमिका अभिभावक, शिक्षकवर्ग तथा विद्यालय व्यवस्थापनको नै हुन्छ। यीमध्ये कसैले पनि लापरवाही देखायो भने परिणाम विद्यार्थीहरूले भोग्नुपर्ने हुन्छ। तर विडम्बना के छ भने कुनै पनि पक्ष आफ्नो अयोग्यतामाथि विचार गर्नुको साटो विद्यार्थीहरूलाई नै दोषी ठानी उनीहरूमाथि खनिने गर्दछन्। यसबाट के प्रस्ट हुन्छ भने कहीं आफ्नै अयोग्यता ढाकछोप गर्नका लागि विद्यार्थीलाई दोष दिने त गरिइँदैन ?

विद्यार्थीहरू आआफ्नो मानसिक स्तरले भ्याएसम्म लेखपढ गर्छन्। उनीहरूको क्षमता विकसित गर्ने कार्य अभिभावक, शिक्षक र समाजले सामूहिक रूपमा लिनुपर्दछ। हामी सबैलाई थाहा भएकै कुरो के हो भने कक्षामा पढ्ने सबै विद्यार्थीको मानसिक स्तर वा उनीहरूको पारिवारिक स्तर समान हुँदैन। परिणामत: एकै शिक्षकद्वारा पढाइने विद्यार्थीहरूको परिणाम पनि फरक–फरक हुने गर्छ। यसर्थ अनुत्तीर्ण हुनुमा विद्यार्थीहरूलाई मात्र दोष दिनु उचित हुँदैन किनभने विद्यार्थीहरूको समग्र विकासमा अभिभावक र शिक्षकहरूको पनि अहम् भूमिका हुन्छ। तर धेरैजसो अभिभावक र शिक्षकले विद्यार्थीहरूलाई मात्र दोष दिने गर्दछन्।

मनोचिकित्सकहरूका अनुसार धेरै मानिसमा आफ्नो आक्रोश रोक्ने क्षमता हुँदैन। धेरैजसो त आफ्नो अयोग्यताजन्य अन्तर्द्वन्द्वबाट सल्केको आगोलाई अरूमाथि आक्रोश पोखेर निभाउन चाहन्छन्। उदाहरणस्वरूप कतिपय शिक्षक र अभिभावकद्वारा विद्यार्थीहरूलाई दिइने अमानवीय दण्डलाई लिन सकिन्छ। यहाँ सोच्नुपर्ने के हो भने के कुटपीट वा गालीगलौजबाहेक विद्यार्थीलाई सफलताका लागि ऊर्जा प्रदान गर्ने अर्को उपाय छैन ?

अनुत्तीर्ण विद्यार्थीहरूको मनोबल खस्केको हुन्छ र मनोबल बढाउनुको साटो अभिभावक र शिक्षकहरूबाट गरिने व्यवहारको 'डर' विद्यार्थीहरूको कलिलो मस्तिष्कमा डेरा जमाएर बसेको हुन्छ। यही कारण हो उनीहरू प्राय: बिर्सने गर्छन्, उनीहरूको ध्यान पढाइमा एकाग्र हुँदैन। उनीहरू पढाइबाट भाग्न खोज्छन्। यस कारण विद्यार्थीहरूको मनोबल बढाउनु एउटा योग्य र समझदार अभिभावकको कर्तव्य हो। मेरो विचारमा विद्यार्थीहरूलाई के भन्नुपर्छ भने तिमीहरूले वर्षभरि मन लगाएर पढेका हौ। यस कारण परीक्षामा भय र चिन्ता लिनु आवश्यक छैन। आरामले परीक्षा देऊ। तिम्रो परिणाम राम्रै आउँछ। विद्यार्थीप्रति अभिभावक र शिक्षकको सकारात्मक दृष्टिकोणले उनीहरूलाई हौसला र प्रेरणा प्रदान गर्छ। शिक्षक र अभिभावकद्वारा विद्यार्थीहरूमा सकारात्मक सोच विकास गराउनु नै उनीहरूलाई सफल हुने बाटो देखाउनु र त्यस बाटोमा हिंड्न सिकाउनु हो।

अभिभावक र शिक्षकले सधैं विद्यार्थीहरूलाई मानसिक तनावबाट मुक्त राख्ने प्रयास गर्नुपर्छ। उनीहरूको मन:स्थितिलाई ध्यानमा राखी सधैं नयाँ उत्साह प्रदान गर्नुपर्छ जसले गर्दा ऊ मानसिक तनाव र त्रासबाट मुक्त हुन सकोस्। सकारात्मक सोचले उनीहरू भित्रको आत्मविश्वास प्रबल हुन्छ, उनीहरूमा परिवर्तन देखापर्छ जसले उनीहरूलाई लक्ष्यसम्म डोऱ्याउने ऊर्जा प्रदान गर्छ भन्ने कुरालाई सहर्ष स्वीकार गर्नुपर्दछ। यसरी सरसर्ती हेर्दा विद्यार्थीहरूको सफलता वा असफलताका लागि विद्यार्थीबाहेक अभिभावक र शिक्षक जिम्मेवार हुने गर्दछन्। यीमध्ये कुनै एक पक्षको गैरजिम्मेवारीले गर्दा असफलता हात लाग्छ।

यस कारण प्रत्येक जागरूक अभिभावकले सोच्नुपर्ने र मनन गर्नुपर्ने विषय के हो भने वर्षैभरि विद्यार्थीहरूको पढाइमा ध्यान दिनु, उसलाई चाहिएको वस्तु समयमा उपलब्ध गराइदिनु र विद्यालयमा गई विद्यार्थीहरूको प्रगति सम्बन्धमा समय–समयमा जानकारी लिनु जस्ता कार्य नियमित भएमा अनुत्तीर्ण हुने सम्भावना न्यून भएर जान्छ। एउटा उखान छ–रोग लाग्नुपूर्व त्यसको रोकथाम गर्नु उचित हो। रोग लागिसकेपछि गरिने उपचारभन्दा पहिले नै त्यको कारण पत्ता लगाई उपचार गर्नु बढी फाइदाजनक हुन्छ।

वर्तमान सामाजिक एवं राष्ट्रिय परिवेशमा हामी अभिभावक र शिक्षकले सर्वप्रथम आत्मचिन्तन गर्ने खाँचो छ। यसर्थ अनुत्तीर्ण हुने विद्यार्थीहरूलाई मात्र दोष दिनु मेरो दृष्टिकोणमा कदापि सही र उचित होइन। यहींनिर हामी सबैले के विचार पुऱ्याउनु नितान्त आवश्यक छ कि के हामी विद्यार्थीहरूलाई पढ्ने उचित वातावरण दिइरहेका छौं ? कतिपय घरमा लोग्नेस्वास्नीबीच हुने आपसी मनमुटाव, घरेलु झगडा, पाहुना र साथीहरूको जमघट, हरदम खुला टेलिभिजन, विद्यार्थीहरूलाई घरायसी काममा लगाउने चलनजस्ता क्रियाकलापले विद्यार्थीहरूमा पढ्ने क्षमता भएर पनि अवरोध उत्पन्न हुने गर्दछ। यसले विद्यार्थीहरूको पढाइमा बाधा पुऱ्याउने काम गर्छ। यसका साथै धेरै न्यून आय भएका परिवारमा विद्यालय नपठाउने, पढाइको बेला अर्थोपार्जनमा लगाइदिने, विभिन्न बहानामा उनीहरूको आवश्यकता टार्नेजस्ता कारणले यदि विद्यार्थीहरू अनुत्तीर्ण हुन्छन् भने यसमा उनीहरूको के दोष ?

विद्यार्थीहरू अनुत्तीर्ण हुनुको पछाडि अन्य कारण पनि छ। मानौं कुनै विद्यार्थीलाई कुनै पाठ बुझ्न गाह्रो भएको छ र उनीहरूले सहायता मागेको बेला अभिभावकले बेवास्ता गर्छ र उसलाई ट्युशनको व्यवस्था पनि मिलाइदिंदैन, कुनै–कुनै बेला विद्यार्थीले नबुझेका कुराहरू शिक्षकसँग बारम्बार बुझ्न चाहँदा झर्को मानिदिने वा त्यस्ता शब्द प्रयोग गरिदिने जसबाट विद्यार्थीको मनोबल खस्कने र पुन: सोध्न हच्किनेजस्ता कुराले गर्दा यदि विद्यार्थी अनुत्तीर्ण हुन्छ भने त्यसमा उसको के दोष ? यी कारणहरूले गर्दा उनीहरूको जिज्ञासा, पढाइबाट अन्यत्र मोडिने गर्दछ। यस्ता विद्यार्थीहरू शारीरिकरूपले कक्षा कोठामा उपस्थित भए तापनि मानसिकरूपले कक्षा कोठामा अनुपस्थित हुने गर्दछन्।

एउटा विद्यार्थी उत्तीर्ण वा अनुत्तीर्ण हुनुमा शिक्षकको योग्यताले पनि काम गरिरहेको हुन्छ। यो भन्नुको अर्थ शिक्षकहरूले पनि स्वमूल्याङ्कन गर्न जरूरी छ। जब, म स्वयं आफ्नो विद्यार्थी जीवनलाई नियालेर हेर्छु, मलाई सधैं हिसाब पढाउने शिक्षकको सम्झना आउँछ किनभने म सबै विषयमा अव्वल थिएँ तर हिसाबमा कमजोर हुनुको पछाडिको कारण हिसाब पढाउने शिक्षक नै हुन् भन्ने अनुभूति हुन्छ। म हिसाबलाई राम्ररी बुझ्ने प्रयत्न गर्दथें र यसका लागि पटक–पटक शिक्षककहाँ पुग्थें तर उनले जहिले पनि मेरो जिज्ञासाको कदर गर्नुको साटो "फर्मूला याद गर्दैन, जति भने पनि बुझ्दैन, तिमी गोबर–गणेश हौ।" तर उनले कहिल्यै पनि मलाई कुन फर्मूलाको प्रयोग कुन हिसाबमा कसरी गरिन्छ र फर्मूलाको आधारमा कसरी हिसाब बनाउन सजिलो हुन्छ भनेर सम्झाएनन्। उनको यस्तो प्रवचनले गर्दा उनीसँग सोध्ने इच्छा दमित हुँदै गयो। परिणामस्वरूप हिसाबमा आजसम्म म कमजोर छु र ती शिक्षकलाई आफ्नो सम्पूर्ण कमजोरीको कारक तत्त्व मान्दछु।

कतैकतै त व्यवस्थापनको कमजोरी वा विद्यार्थीहरूको भविष्यप्रतिको बेवास्ताले गर्दा उत्पन्न समस्याको परिणाम विद्यार्थीहरूले भोग्नुपर्छ। यसरी एउटा अक्षम शिक्षकको कारण विद्यार्थी अनुत्तीर्ण हुन्छ र उसले समाजमा आफ्नो सम्मान घटेको महसूस गर्छ। यसबाट ऊ एउटा नकारात्मक भविष्यतर्फ लम्कन सक्छ। खासगरी संस्थागत विद्यालयहरूमा पढाउने शिक्षकहरूको सरुवा हुँदा पनि समस्या देखा पर्दछ। यसले गर्दा नयाँ आउने शिक्षक र विद्यार्थीबीच तालमेल बस्नैमा निकै समय व्यतीत हुन्छ। जसले गर्दा परीक्षा परिणाममा पनि अन्तर आउने धेरै सम्भावना हुन्छ।

वर्तमानमा भनसुन, लेनदेन वा कुनै राजनीतिक दलको चाकरी गरी शिक्षण पेशामा सामेल हुने कतिपय शिक्षकहरूसँग विषयगत ज्ञान नै हुँदैन। यस्ता शिक्षकहरू विद्यार्थीहरूले सोधेका प्रश्नको जवाफ दिनुको साटो जथाभावी भनेर टाल्ने गर्छन्। त्यस्ता शिक्षकबाट विद्यार्थीहरूको सफलताप्रति कस्तो आशा गर्ने ? यसतर्फ जिम्मेवार पक्षको गम्भीर चिन्तन आवश्यक छ।

आज धेरैजसो विद्यार्थी मोबाइलको गोलचक्करमा पढाइप्रति उदासीन बन्दै गएका छन्। उनीहरू आजको पढाइलाई भोलि गरौंला भनेर पन्छाउने गर्दछन्। यस्तो गर्ने विद्यार्थीहरूको पढाइ कहिल्यै पनि राम्ररी अगाडि बढ्न सक्दैन। पढ्नुको साटो दिनभरि साथीभाईसँग घुम्ने वा नचाहिंदो काममा अल्मलिने, धेरै मोबाइल चलाउने विद्यार्थीहरू पनि परीक्षामा अनुत्तीर्ण हुने सम्भावना बढी हुन्छ। कतिपय अभिभावक विद्यार्थीलाई शिक्षकहरूको सजायबाट बचाउन स्वयं गृहकार्य गरेर विद्यालय पठाउने गर्दछन्। कठिन परेको विषयमा मार्गनिर्देशन दिनुको साटो पाठको समस्याबाट विद्यार्थीहरूलाई वञ्चित गराइदिनु उनीहरूको भविष्यमा विष घोल्नु वा अवरोध तेर्साउनु हो। निष्कर्षत: विद्यार्थी यदि पढाइमा कमजोर छ भने उनीहरूका कमी–कमजोरी हटाउने सक्दो प्रयास जिम्मेवार सबै पक्षले गर्नुपर्छ अनि मात्र कुनै पनि विद्यार्थी कहिल्यै पनि अनुत्तीर्ण हुँदैन।

# न्यून चापीय प्रणालीको प्रभाव: वर्षा र हिमपातको सम्भावना

काठमाडौं, ३ पुस/रासस

न्यून चापीय प्रणालीको प्रभावले आंशिकदेखि सामान्य बदली रही केही स्थानमा वर्षा र हिमपात भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १ र गण्डकी प्रदेशको पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षा, प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशको उच्च पहाडी भूभागका एक/दुई स्थानमा हल्का हिमपात भएको छ। बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको बताइएको छ।

विभागले प्रदेश नं १ र गण्डकी प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षा र प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी भूभागका एक/दुई स्थानमा हल्का हिमपात भएको तथा तराईका केही भूभागमा बिहानीपख हुस्सु–कुहिरो लागेको तथा देशका अधिकांश भूभागमा तापक्रम क्रमिकरूपमा घट्दै गएकाले चीसोबाट बच्न आवश्यक सावधानी अपनाउन अनुरोध गरेको छ।

राति प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहनेछ। प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी भूभागका एक/दुई स्थानमा हल्का हिमपातको पनि सम्भावना छ।


सुर्खेतको वीरेन्द्रनगरस्थित जुम्लारोड आसपासमा आइतवार लागेको बाक्लो हुस्सु। तस्वीर: रासस

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस चार दशमलव एक डिग्री र सबैभन्दा धेरै धरानको अधिकतम तापक्रम २४ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# कृषि शाखाद्वारा मकै ब्लकको निरीक्षण

नरेश यादव, सेढवा, ३ पुस/

पर्सागढी नगरपालिका–४ का किसानले लगाएको मकैबालीको आइतवार पर्सागढी नगरपालिका कृषि शाखाका कर्मचारीहरूले स्थलगत निरीक्षण गरेका छन् ।

कृषि शाखा प्रमुख राजकुमार खत्री र सहायक प्राविधिक मीरा चौधरीले किसानहरूको रोहबरमा मकैबाली लगाइएका खेतको नापजोख गरे । पर्सागढी नपा–४ मा दुईवटा मकै ब्लक छन् ।

साना किसान सहकारी संस्था लिमिटेड र लालीगुराँस सहकारी गरी दुईवटै ब्लकका किसानहरूले मकैबाली लगाएका छन् ।


तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका कार्यालयले मकैबाली लगाएका किसानहरूलाई आर्थिक र सोसम्बन्धी आवश्यक मोटर, ड्रम, त्रिपाल, कोदालो, औषधि, बीउलगायत अनुदान सहयोग गर्दै आएको छ ।

नगरपालिकाले क्षेत्रफल अनुसार आर्थिक र आवश्यक सामग्रीहरू पचास प्रतिशत अनुदान सहयोगमा दिँदै आएकोले अनुदान सहयोगको सदुपयोग भए नभएकोबारे नगरपालिकाको कृषि शाखाले स्थलगत अनुगमन गरेको हो । किसानहरूले नगरपालिकामा बुझाएका विवरण अनुसारको खेत छ छैन भनेर जग्गा नापजाँच पनि गरिएको थियो ।

कृषि शाखा प्रमुख खत्रीले स्थलगत नापजाँचबाट पर्सागढी नगरपालिकामा गरिएको मकैखेतीको सही तथ्याङ्क आउने, किसानहरूले अनुदान सहयोगको सदुपयोग गर नगरेको तथ्य फेला पर्ने र आगामी आवमा उनीहरूलाई थप अनुदान दिनुपर्ने वा कट्टा गर्नुपर्ने सोबारेमा पनि निर्णय लिन सजिलो हुने भएकोले स्थलगत अनुगमन गरिएको बताए ।

किसान समसुल्लाह हवारीले नगरपालिकाको कदमको स्वागत गरे । उनले खेतीपातीको निरीक्षण गर्दा कागजी आधारमा अनुदान दिने प्रचलनको अन्त्य हुने विश्वास व्यक्त गरे । उनले सही तथ्याङ्क आउने र वास्तविक किसानहरूले अनुदान सहयोग पाउने वातावरण झनै मजबूत भएको प्रतिक्रिया दिए ।

# रूट अफ तेक्वान्दो नेपाल पुस्तक विमोचन

प्रस, काठमाडौं, ३ पुस/

नेपाल तेक्वान्दोका प्रवर्तक चिफ ग्रान्ड मास्टर जेके शिनद्वारा लिखित रूट अफ तेक्वान्दो नेपाल संस्मरणात्मक पुस्तक सार्वजनिक भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले उक्त पुस्तकको विमोचन गरेका थिए । उनले नेपाललाई अन्तर्राष्ट्रियजगत्मा परिचित गराउने तेक्वान्दो खेलको सुरुआत र विकासका लागि जेके शिनले गरेको योगदान सदैव अविस्मरणीय रहने बताए । उनले ओलम्पिकमा नेपालपछि परेको अवस्थामा तयारी तीव्र बनाउनुपर्ने सुझाव दिए ।

तेक्वान्दोजस्ता विश्व परिवेशमा देशलाई परिचित गराउने खेलहरूको विकासले अझ धेरै पर्यटक नेपालमा भित्रिन सक्ने उनले बताए ।

पूर्व शिक्षा तथा संस्कृतिमन्त्री केशरबहादुर विष्टले नेपालमा तेक्वान्दोको स्थापनाकालका रोचक प्रसङ्ग बताउँदै विगतमा तेक्वान्डो खेल प्रहरी र सेनालाई तालीमका क्रममा खेलाइने गरेको तर पछि यो खेलमार्फत अनुशासन पनि हुने हुनाले आमजनतालाई खेलाउन लागिएको बताए । उनले जेके शिन नै नेपालको आधिकारिक तेक्वान्दो स्थापक रहेको बताए । नेपाल तेक्वान्दो एशोसिएशनका उपाध्यक्ष एवं पूर्वमन्त्री किसान श्रेष्ठले खेलको विकासको लागि आफ्नोतर्फबाट जस्तोसुकै सहयोग गर्न पनि तयार रहेको प्रतिबद्धता व्यक्त गरे ।


तस्वीरः फाइल

उनले विमोचित पुस्तकमा रहेका ऐतिहासिक तस्बिरहरूले जेके शिन फादर अफ तेक्वान्दो रहेको तथ्यलाई सबैको सामु उजागर गरेको चर्चा गरे ।

नेपाल खेलकुद परिषद्का तत्कालीन कोषाध्यक्ष विष्णुगोपाल श्रेष्ठले जेके शिनले नेपालमा तेक्वान्दो खेलको सुरुआत मात्र गरेनन्, उक्त खेल विधामा छोटो समयमा नै नेपाललाई अन्तर्राष्ट्रियस्तरका पदक दिलाउन अहम् भूमिका खेलेको बताए । उनले तत्कालीन समयमा जुन स्तरमा तेक्वान्दो खेलको गुणस्तर विकास भएको थियो, त्यसमा अहिले ह्रास आएको भनी चिन्ता व्यक्त गरे ।

चिफ ग्रान्ड मास्टर जेके शिनका शिष्यहरू क्याप्टेन रत्न गुरुङ, क्याप्टेन चन्द्र गुरुङ, ब्रिगेडियर जनरल डा सुधासेन मल्ल, लेफ्टिनेन्ट कर्नेल एकनाथ थापा, क्याप्टेन इन्द्र गुरुङद्वारा आयोजित कार्यक्रममा नेपालकी प्रथम महिला ब्ल्याक बेल्ट ब्रिगेडियर जनरल डा सुधा सेन मल्लले स्वागत मन्तव्य दिएकी थिइन् ।

# जङ्गली जनावरबाट खेती असुरक्षित

प्रस, सेढवा, ३ पुस/

पर्सा राष्ट्रिय निकुञ्ज तथा डिभिजन वन कार्यालय अन्तर्गतका वनबाट आएका जङ्गली जनावरहरूले बालीमा क्षति पुऱ्याइरहेको स्थानीय किसानहरूले गुनासो गरेका छन् ।

ठोरी गाउँपालिका–५ को गडुवालाइन, क्षत्रीलाइन, छिरिङलाइन, जीराभवानी गापा अन्तर्गतको शान्तिनगर, भवानीपुर, काठमाडौंटोल, वसन्तपुर, हरैया, सखुवनियालगायतका किसानहरूले आफूहरूले लगाएको हिउँदे बालीलाई जङ्गली जनावरले क्षति पुऱ्याउँदै आएको गुनासो गरेका छन् ।


तस्वीरः प्रतीक

जङ्गली मयूर, घोडगदहा, बँदेल, हरिण, नीलगाईलगायतका जनावरले गहुँबाली, तोरी, आलुबाली खाने गरेको र आउने–जाने क्रममा बालीलाई माडेर नष्ट पार्दै आएको किसानहरूले गुनासो गरे ।

जीराभवानी गापा–५ हरैया निवासी किसान कुशल घिमिरेले प्रत्येक वर्ष हिउँदेबाली रोप्ने गरेको तर भित्र्याउन नपाएको बताए । उनले आलु रोप्दै आएको तर जङ्गली बँदेलले खाइदिने गरेको दुःखेसो पोखे । जीराभवानी गापा–१ शान्तिनगर निवासी किसान रामशरण लामिछानेका अनुसार बारीमा रातभरि जङ्गली जनावरहरूले उत्पात मचाएको बताए । जङ्गली जनावरले खानेभन्दा बढी बालीलाई माडेर क्षति पुऱ्याउँदै आएको बताए । किसान लामिछानेले दर्जनौंको सङ्ख्यामा मयूर र जङ्गली कुखुराको बथानले उम्रेको गहुँको टुसा खाने गरेको बताए ।

किसानहरूले जङ्गली जनावर नियन्त्रणका लागि जडान गरिएको विद्युतीय तारबार बिग्रिएकोले पनि जङ्गली जनावरहरू आएर बालीनाली क्षति पार्दै आएको गुनासो गरेका छन् । उनीहरूले वर्षभरिका लागि गरिने खेतीपातीलाई जङ्गली जनावरहरूले नष्ट गर्दै आएकामा आरक्ष, वन र स्थानीय तहले अविलम्ब यसबारेमा निर्णय लिएर कार्य गर्नुपर्ने बताएका छन् ।

# कोरोना भाइरसबारे प्रशिक्षण

प्रस, वीरगंज, ३ पुस/

वीरगंज महानगरपालिकाको लगानी तथा आरके डेभेलपमेन्ट एन्ड स्कील प्रालिको आयोजनामा आइतवार वडा नं १८ मा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणसम्बन्धी एक दिने गोष्ठी भवानीपुरमा सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

गोष्ठीमा कोरोना भाइरसका कारण केही समयअगाडि विश्व नै त्रसित भएको थियो । अहिले पनि यो भाइरस नियन्त्रणका लागि रोकथाम तथा त्यसको उपचारबारे जानकारी गराइएको थियो ।

वडाध्यक्ष उमाशङ्कर तिवारीको अध्यक्षतामा शुरु भएको कार्यक्रममा पूर्ववडाध्यक्ष बह्मदेवप्रसाद कुर्मी, सचिव दीपेन्द्रप्रसाद कुर्मीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सहभागीहरूलाई रामविनेशप्रसाद चौरसियाले प्रशिक्षण दिएको सुरेश प्रसादले बताए ।

# युवाहरूको खाजा खर्चबाट पर्सागढीमा निश्शुल्क ट्युशन

बलिराम शुक्ल, बिरुवागुठी, ३ पुस/

पर्सागढी नगरपालिका–४ भेडाहा टोलमा युवाहरूको सक्रियतामा निश्शुल्क ट्युशन कक्षा सञ्चालन गरिएको छ ।

विद्यालयमा पाउने शिक्षाका अतिरिक्त आर्थिक अवस्था कमजोर भएका गरीब, दलित विद्यार्थीहरूलाई लक्षित गरी निश्शुल्क ट्युशन कक्षा सञ्चालन गरिएको युवा रामजी साहले बताए ।

उनले सो वडाका आफूसहित कृष्ण चौधरी, रवि विश्वकर्मा, समीर मियाँ दर्जी, वीरबहादुर महतो, विशाल विश्वकर्माको सक्रियतामा निश्शुल्क ट्युशन कक्षा सञ्चालन गरिएको बताए । आफूहरूले खाजाबापतको रकम जम्मा गरी एकजना शिक्षकलाई मासिक पाँच हजार दिने गरी गरीब, दलित, विद्यार्थीहरूलाई ट्युशनको व्यवस्था मिलाइएको साहले बताए । अन्य बालबालिकाहरूसँगै उनीहरूको पनि शिक्षामा चाहना बढोस् र प्रतिस्पर्धामा खरो उत्रन् भनेर ट्युशन सञ्चालनमा ल्याएको साहले बताए ।

पुस १ गतेदेखि ट्युशन शुरू गरेको र अहिले दैनिक ३८ जना विद्यार्थीले कक्षा लिइरहेको उनले जानकारी दिए । बिहान साढे ६ देखि ८ बजेसम्म ट्युशन सञ्चालन गर्ने गरेको साहले बताए ।


तस्वीरः प्रतीक

पर्सागढी नपा–४ भेडाहा टोलका अभिभावक मुकेश माझीले निश्शुल्क ट्युशन सञ्चालन गरेर युवाहरूले सराहनीय कार्य गरेको बताए । उनले आफ्ना दुई छोरी र एक छोरा ट्युशन जाने गरेको बताए । विद्यालयबाट पढेर आएपछि अतिरिक्त पढाइको वातावरण नरहेको र छोराछोरी अध्ययनमा कमजोर भएको अवस्थामा ट्युशन सञ्चालनले केही सुधार आउने उनले विश्वास व्यक्त गरे ।

माझी जस्तै यहाँका अन्य अभिभावकहरू पनि निश्शुल्क ट्युशन सञ्चालन भएपछि खुशी भएका छन् ।

# सुन प्रतितोला रु एक लाख पाँच सय पुग्यो

काठमाडौं, ३ पुस/रासस

नेपाली सुनचाँदी बजारमा आज छापावाल सुनको कारोबार मूल्य प्रतितोला रु एक लाख पाँच सय तोकिएको छ ।

शुक्रवार दिन प्रतितोला रु ९९ हजार ९०० मा कारोबार भएको यो सुनको मूल्य आज प्रतितोला रु छ सयले बढेको हो ।


तस्वीरः फाइल

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख छ । यसको मूल्य अघिल्लो दिन रु ९९ हजार ४०० थियो । त्यस्तै, चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा रु १० ले वृद्धि भई प्रतितोला रु एक हजार ३८० पुगेको महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ । हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस एक हजार ७९३ दशमलव १३ अमेरिकी डलर आसपासमा कारोबार भइरहेको जनाइएको छ ।

# चिया बेचेर रु ६० हजार बचत गर्दै विपना

रेसुङ्गा, ३ पुस/रासस

गुल्मीको मुसिकोट नगरपालिका–२ की विपना महत २० वर्ष पुगिन्। यो उमेरमा कैयौंलाई आफ्ना रहर पूरा गर्न



तस्वीरः फाइल

पनि आमाबुबासँग पैसा माग्नुपर्ने बाध्यता हुन्छ।

यही उमेरका युवायुवती भर्खरै शहर छिरेर रोजगार खोज्दै भौंतारिरहेका छन्। उनले जिल्लाको सदरमुकाम तम्घासमा चिया बेचेरै मासिक रु ९० हजार कमाउँदै आएकी छन्।

बिहान ६ देखि साँझ ७ बजेसम्म तम्घास बजारमा डुलेर चिया बेच्ने विपनाले दैनिक दुई सय कप चिया बेच्छिन्। बजारमा चियाको मूल्य रु २५ भएपनि विपनाले एक कप चिया रु २० का दरले बेच्छिन्। "चिया बेचेर दैनिक रु तीन हजारका दरले मासिक रु ९० हजार कमाइ हुन्छ," उनी भन्छिन्, "घरखर्च सबै कटाएर रु ६० हजार बचत गर्दै आएकी छु।" विपनाले दैनिक रु चारदेखि पाँच हजारसम्म कमाइ गरे पनि मासिकरूपमा औसत कमाइ रु तीन हजार भएको बताइन्।

माध्यमिक शिक्षा परीक्षा (एसइई) पछि उनी पढ्नका लागि तम्घास आएकी हुन्। उनले रेसुङ्गा बहुमुखी क्याम्पसबाट 'प्लस टु' सक्काएकी छन्। यसपछि फुर्सदमा भएको समयमा के गर्ने होला भनेर सोचिन्। उनको सोच जागीरभन्दा पनि आफैंले केही गरौं भन्ने भयो। यसपछि चीसो तम्घासमा तातो चिया बेच्न सुरुआत गरिन्। मामाघरमैं चिया पकाएर थर्मसभरि चिया राखेर गिलाससहित बजार डुलेर चिया बेच्ने, राम्रो भएमा निरन्तरता दिने होइन भने छाड्ने भनेर थालनी गरिन्। तम्घास बजारमा डुल्दा चिया अधिकतम मात्रामा बिक्री भएर आम्दानी हुन थालेपछि विगत एक वर्षदेखि उनले निरन्तर चिया बेचिरहकी छन्।

अनुभव सँगाल्ने भनेर चिया बेच्न शुरू गरेको उनले बताइन्। "अनुभव हुन्छ भनेर बजारमा चिया बेच्दा फाइदा हुन थाल्यो अनि निरन्तरता दिएँ," उनी भन्छिन्, "मलाई लाज र डर भन्ने त कहिल्यै कसैसँग लागेन।" तम्घास बजारमैं दुई सयभन्दा बढी कप चिया बिक्री भएर मनग्य आम्दानी भएपछि यसैलाई दीर्घकालीनरूपमा निरन्तरता दिने उनको भनाइ छ।

आमाबुबा र आफन्त आफ्नो कर्मबाट खुशी भएको उनले बताइन्। उनी बिहान ६ बजे बजारमा चिया बेच्न निस्कन्छिन्। त्यसपछि फर्किएर खाना खाएपछि १२ बजे निस्कन्छिन्। तम्घास बजारमा चिया बिक्री नहुने समस्या कुनै दिन पनि नरहेको विपनाले बताइन्। आफूले तयार गरेको चिया छोटो समयमैं खपत हुने गरेको छ। उनलाई अहिले तम्घासमा हुने सार्वजनिक कार्यक्रममा पनि चिया बेच्न भ्याइनभ्याइ छ। कार्यक्रम आयोजकले आफ्ना पाहुनालाई विपनामार्फत चिया खुवाउने गरेका छन्। कार्यक्रममा उपस्थितिले विपनाको खुलेर प्रशंसा गर्छन्।

उनी उपल्लो तम्घासमा रहेको मामाघरमा बस्दै आएकी छन्। उनले बिरामी हजुरआमाको हेरचाह पनि गरिरहेको बताइन्। विपनाका बुबा हरिबहादुर कृषक हुन् भने आमा कोपिला गाउँकै विद्यालयमा शिक्षिका हुन्। चिया बेचेर तम्घास बजार डुल्दा अहिलेसम्म कसैले नराम्रो नभनेको सबैले राम्रो भन्दै प्रशंसा गर्ने गरेको विपनाको अनुभव छ। विपना आफूजस्ता भर्खरैका युवायुवतीलाई आफ्नै गाउँठाउँमा केही रोजगार वा व्यवसाय गर्न सुझाव दिन्छिन्। उनले केही कामका लागि लजाउने वा डराउने बानी राख्नै नहुने बताएकी छन्। लाज र डरले जिन्दगीमा अगाडि बढ्न नसकिने उनको तर्क छ। विपना अहिले रेसुङ्गा बहुमुखी क्याम्पसमा स्नातक प्रथम वर्षमा पढ्दै छिन्।

# बजेट नल्याउने पालिकालाई मन्त्रालयको परिपत्र

काठमाडौं, ३ पुस/रासस

चालू आर्थिक वर्ष २०७९/८० को पाँच महीना बितिसक्दा पनि बजेट नल्याएका आठ स्थानीय तहलाई चाँडो बजेट ल्याउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परिपत्र गरेको छ।




तस्वीरः फाइल

सिराहाको औरही गाउँपालिका र कर्जन्हा नगरपालिका, धनुषाको नगराइन नगरपालिका र कमला नगरपालिका, सर्लाहीको विष्णु गाउँपालिका र बौधीमाई नगरपालिका, रौतहटको यमुनामाई गाउँपालिका र बाँकेको डुडुवा गाउँपालिकालाई मन्त्रालयले पत्र पठाउँदै बजेटबारे जानकारी गराउन भनेको हो। गत मङ्सिर २८ गतेको सचिवस्तरीय निर्णयबाट ती पालिकालाई बजेटबारे परिपत्र गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ। बजेट नल्याउने पालिकाबारे विभिन्न निकायबाट चासो भई आएको पनि परिपत्रमा उल्लेख छ।

"अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत विभिन्न नियमनकारी निकायबाट गत आर्थिक वर्षको बजेट हालसम्म पारित नगरेका विषयमा सोधनी भई आएकाले नेपालको संविधान, स्थानीय तहलाई प्राप्त अधिकार तथा प्रचलित कानूनको पूर्ण पालना गरी जनतालाई प्रदान गरिने सेवा प्रवाहमा सुशासन कायम गर्न गराउन हुन मङ्सिर २८ गतेको सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ," मन्त्रालयको परिपत्रमा भनिएको छ।

बजेट नल्याएका पालिकाबारे अख्तियारलगायत निकायमा उजूरी परेका कारण त्यसबारे ती निकायबाट सोधखोज भएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले बताए। "अहिलेसम्म बजेट नल्याएपछि ती पालिकाबारे विभिन्न निकायमा उजूरी परेका हुन सक्छन्। त्यसैले अख्तियारलगायत निकायबाट मन्त्रालयमा सोधीखोजी भएको हो," उनले भने।

मधेस प्रदेशका सात र लुम्बिनी प्रदेशको एउटा पालिकाले आफ्नो वार्षिक बजेट मन्त्रालयको प्रणालीमा प्रविष्ट गरेको देखिंदैन। यद्यपि, त्यस्ता पालिकामध्ये सिराहाको औरही गाउँपालिका तथा कर्जन्हा नगरपालिकाका र रौतहटको यमुनामाई गाउँपालिकाले बजेट ल्याइसकेको जनाएका छन्। यी पालिकाको वार्षिक बजेट गाउँसभाबाट पारित भइसकेको भएपनि मन्त्रालयको प्रणालीमा प्रविष्ट गर्न समय लागेको जनाइएको छ।

वार्षिक बजेट नआएपछि ती पालिकामा विकास निर्माणका काम ठप्प छन्। कर्मचारीको तलब भत्ता रोकिएको छ। दैनिक कार्यालय सञ्चालनमा समस्या देखिएको छ। गाउँसभा र नगरसभाबाट बजेट पारित नभएका पालिकाका लागि सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)ले बजेट रोक्ने गर्छ। असार दोस्रो साताभित्र ल्याइसक्नुपर्ने बजेट मङ्सिर मसान्तसम्म पनि आउन नसक्नुको मुख्य कारण गाउँ तथा नगरसभामा राजनीतिक दलबीचको किचलो तथा प्रमुख र उपप्रमुखबीचको मनमुटाव देखिएको छ। बजेट पारित नहुँदा तलब सुविधासमेत नपाएपछि धनुषाको नगराइन नगरपालिकाका कर्मचारी आन्दोलनमा उत्रिएका छन्।

नेपालको संविधान २०७२ को धारा २२१ ले स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ र नगरसभालाई प्रदान गरेको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा गाउँ तथा नगरसभाले असार मसान्तसम्म आगामी आर्थिक वर्षको बजेट पारित गरिसक्नुपर्ने व्यवस्था छ। यो व्यवस्थाबमोजिम गाउँ र नगरसभाबाट बजेट पारित गरी सोको विवरण अनिवार्यरूपमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा प्रविष्ट गर्नुपर्छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा तीनमा 'गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महीनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेश गर्नुपर्नेछ,' उल्लेख छ। तर बजेट नआएका कारण ती पालिकामा आर्थिक गतिविधि चलायमान हुन सकेका छैनन्। पालिकाले वार्षिक बजेट नल्याउँदा उनीहरूका विकास निर्माणका काम ठप्प हुनेदेखि कर्मचारीले तलब नपाउनेसम्मका समस्या देखिएका छन्।



**रारागाउँमा पानीको दुःख :** जुम्लाको तिला गाउँपालिका–१, रारा गाउँको धारामा खानेपानी नियमित नआएपछि पिउनका लागि तिला नदीको पानी ल्याउने क्रममा बाटोमा थकाइ मार्दै स्थानीय बालबालिका। रारा गाउँवासीलाई खानेपानीको चरम समस्या छ। तस्बिर : विजय रावत/रासस

## फरक समाचार

### कतारले फूटबल मैदानको लागि कहाँबाट पानी ल्याउँछ ?




कतार पानीको अभावको हिसाबले विश्वमा सबैभन्दा बढी प्रभावित देश हो।

आइतबार कतारको लुसेल रङ्गशालामा अर्जेन्टिना र फ्रान्सबीच विश्वकपको फाइनल खेल भइरहँदा प्रतियोगिता शुरू भएदेखि नै यस रङ्गशालाको मैदानमा ३०० टन पानी परेको छ। कतारको मरुभूमि वातावरणमा खेलमैदानका कर्मचारीहरूले टर्फ खेल्न योग्य र यसलाई मौलिकरूपमा राख्न दैनिक १०,००० लिटरभन्दा बढी पानी छर्किरहेका छन्। कतारमा यस्ता दर्जनौं मैदान छन्, जुन प्रतियोगिता अन्तर्गत खेल र खेलाडीको अभ्यासका लागि प्रयोग हुँदै आएको छ।

पानीको अभावका हिसाबले कतार विश्वमा सबैभन्दा बढी प्रभावित मुलुकमध्ये एक हो। मैदानहरू भिजेको र हरियो राख्न प्रयोग गरिएको पानीको ठूलो मात्राले कतारले प्रतियोगिता आयोजना गर्न सामना गर्ने चुनौतीहरूलाई रेखाङ्कित गर्दछ।

कतारले पनि आफ्नो प्रगतिलाई कायम राख्नुपर्छ र वातावरणमा पार्ने प्रभावलाई सीमित गर्नुपर्छ। आठवटा विश्वकप फूटबलका स्टेडियममा ग्राउन्ड स्टाफले सामना गर्ने चुनौतीहरू अझ गाह्रो हुन सक्छन्। यदि यो विश्वकप मूल योजना अनुसार गर्मीमा खेलिएको भए, प्रत्येक मैदान, जसमा १३६ अभ्यास मैदान पनि छन्, लाई एक दिनमा ५०,००० लिटर पानी चाहिन्थ्यो।

कतारमा मैदान तयार गर्ने कर्मचारीहरूले उनीहरूको आफ्नो देशको अवस्थाभन्दा धेरै फरक अवस्था कतारको रहेको बताएका छन्।

आपतकालीन अवस्थामा प्रयोगको लागि कतारको राजधानी दोहाको उत्तरमा ४२५ हजार वर्गमिटरमा आपत्कालीन घाँस रिजर्भ (आकस्मिक घाँस) उब्जाइएको थियो। यसको लागि रिसाइकल गरिएको पानी प्रयोग गरिन्छ। जबकि विश्वकप खेल र अभ्यास मैदानका लागि पानी कृत्रिमरूपमा बनाइँदैछ। यो पानी डिसेलिनेशन प्रक्रियामार्फत बनाइन्छ।

"प्राकृतिकरूपमा उपलब्ध पानीमा भर परेको भए कतारमा १४,००० मानिस मात्रै बस्ने थिए," कतार विश्वविद्यालयका जलविज्ञानका एशोसिएट प्रोफेसर राधौयान बिन हमादौ भन्छन्, "यसले विश्वकप रङ्गशालकोको एक चौथाइ मैदान पनि भर्दैन।" कतारमा कुनै नदी छैन र त्यहाँ वार्षिक १० सेन्टिमिटरभन्दा कम वर्षा हुन्छ। विश्वकपमा खेलका लागि ८ पिच छन् भने अभ्यासका लागि १३६ पिच छन्। कतारमा करीब २९ लाख मानिस बस्छन्। कतारको जनसङ्ख्या र त्यहाँ उपलब्ध पानीको मात्राबीच ठूलो अन्तर छ। यस्तो अवस्थामा कतारले आफ्नो आवश्यकता पूरा गर्न अन्यत्र पानी खोज्नुपर्छ।

युके सेन्टर फर इन्भायरमेन्ट, मत्स्यपालन र एक्वाकल्चर विज्ञानका मध्यपूर्व कार्यक्रमका निर्देशक डा विल ले क्वेजोन भन्छन्, "निस्सन्देह यस पानीको धेरैजसो मात्रा डिसेलिनेशनबाट आउँछ, र घरेलु र व्यक्तिगत प्रयोगको लागि लगभग सय प्रतिशत पानी पनि यही प्रक्रियाबाट प्राप्त हुन्छ।"

यस प्रक्रिया अन्तर्गत समुद्रबाट नुनिलो पानी लिकालिन्छ, त्यसबाट नून र अन्य अशुद्धता हटाइन्छ र त्यसपछि यो पानी पिउन र लुगा धुन उपयुक्त हुन्छ। कतारले यस प्रक्रियाबाट ठूलो मात्रामा पानी उत्पादन गर्छ तर उत्पादनको गति अझ छिटो बढाउनुपर्छ किनकि कतार अगाडि बढिरहेको छ, विकसित भइरहेको छ र विश्वकपजस्ता ठूला खेलकूद प्रतियोगिता आयोजना गर्न गइरहेको छ।

विश्वकप फूटबलको बेला कतारमा करीब १० लाख पर्यटक आएका छन्। यस्तो अवस्थामा पानीको खपत करीब १० प्रतिशतले बढ्ने अनुमान गरिएको छ। तर कतारसँग समुद्री किनारा मात्र भएको कारणले पानीको अनिश्चितकालीन उपलब्धता रहेको र ग्याँस, प्राकृतिक स्रोत तथा आर्थिक स्रोत भएकाले यस प्रक्रियाबाट पानी बनाउन आवश्यक ऊर्जा स्रोत पनि छ। तर यो प्रक्रियाको एक प्रमुख कमजोरी छ यो हो कि यसले धेरै ऊर्जा खपत गर्छ।

"सम्पूर्ण खाडी क्षेत्रमा डिसेलिनेशनको लागि प्रयोग हुने ऊर्जाको ९९.९ प्रतिशत सस्तो हाइड्रोकार्बन इन्धनको आपूर्तिबाट आउँछ," डा ले क्वीजेन भन्छन्।

तेल र ग्याँस जस्ता हाइड्रोकार्बन इन्धनले धेरै प्रदूषण निम्त्याउँछ। तर कतारको पनि वातावरणको सन्दर्भमा आफ्नै महत्त्वाकाङ्क्षी लक्ष्यहरू छन्। कतारले सन् २०३० सम्ममा आफ्नो हरितगृह उत्सर्जनमा २५ प्रतिशतले कटौती गर्ने योजना बनाएको छ। विश्वकप आयोजक समितिले यो विश्वकप शून्य कार्बन उत्सर्जन विश्वकप भएको दाबी गरेको छ।

तर कार्बन मार्केट वाच जस्ता वातावरणीय समूहले कतारको दाबीमाथि गम्भीर प्रश्न खडा गरेका छन्। तर एउटा कुरालाई नकार्न सकिंदैन कि कतारले आफ्नो कार्बन उत्सर्जन कम गर्न वास्तविक परिवर्तनहरू गर्दैछ र यसमा पानी उत्पादन समावेश छ।

कतारमा घरेलु प्रयोगको लागि लगभग सबै पानी डिसेलिनेशनमार्फत प्राप्त गरिन्छ। "धेरै काम भइरहेका छन्," डा. ले क्वीजेन भन्छन्, "उनीहरू डिसेलिनेशनको लागि सौर्य ऊर्जाको विकल्पमा काम गरिरहेका छन्। तिनीहरूले सौर्य प्यानलबाट बिजुली उत्पादन गर्न सक्छन् र यसलाई रिभर्स ओसमोसिसको लागि प्रयोग गर्न सक्छन्। साथै सूर्यको प्रत्यक्ष तापलाई पानीलाई वाष्पीकरण गर्न प्रयोग गर्न सकिन्छ।" रिभर्स ओसमोसिस प्रक्रियामा पानीलाई मेंमब्रेनबाट पार गराइन्छ, यसले प्रभावकारीरूपमा अशुद्धताहरू हटाउँछ, जबकि पानी तताएर वाष्पीकरण गरिन्छ र त्यसलाई जम्मा गरिन्छ। जसले गर्दा शुद्ध पानी उपलब्ध हुन्छ र सबै अशुद्धता हट्छ। पछिल्लो राजनीतिक विवादपछि कतारका छिमेकीहरूले कतारलाई बहिष्कार गरेपछि कतारले खाद्यान्न अभाव झेल्नुपरेको थियो। त्यसयता कतारले स्वदेशमैं कृषि र दूध उत्पादनलाई प्रवर्द्धन गर्दै आएको छ। सुक्खा जमीनमा खेती र पशुपालन गर्ने विधिमा जोड दिएको छ। तर पनि यसले कतारको सीमित प्राकृतिक जलस्रोतमा दबाब मात्र बढाउनेछ।

डा बे हामदोऊ भन्छन्, "जलस्रोतको एक तिहाइ कृषिमा प्रयोग गरिन्छ, जबकि कतारको कुल गार्हस्थ्य उत्पादनमा कृषिको भूमिका एक प्रतिशतभन्दा कम छ। यो करीब ०.१ प्रतिशत मात्रै हो।"अन्य देशहरू जस्तै कतारको खाद्यान्न उत्पादनमा प्राकृतिक स्रोतको ठूलो लगानी आर्थिक लाभको लागि होइन, तर कतारले आपत्कालीन अवस्थामा आफ्ना जनतालाई खाद्यान्न उपलब्ध गराउने कुरा सुनिश्चित गर्न चाहन्छ। कतारसँग ऊर्जा स्रोतको विशाल भण्डार छ तर सौर्य ऊर्जामा उसले ठूलो लगानी गरिरहेको छ। यस क्षेत्रबाहिर बसोबास गर्ने मानिसहरूलाई कतारका ऊर्जा योजनाहरू अनौठा लाग्न सक्छन्। तर डा ले क्वीजेन भन्छन् कि कतारले सामना गर्ने चुनौतीहरू अन्य देशहरूभन्दा धेरै फरक छैनन्। "सुक्खा देशहरूमा तपाईंलाई पानी चाहिन्छ, चीसो देशहरूमा तपाईंले आफू आफैंलाई न्यानो राख्न आवश्यक छ। त्यसैले हामी सबैले सामना गर्नुपर्ने आआफ्नै चुनौतीहरू छन्।" डा बेन हमादोऊ भन्छन्, "म आशावादी छु कि कतार र यो क्षेत्र ऊर्जाको धरेरै अधिक माग गर्ने यी गहन प्रक्रियाहरूबाट पार पाउन सक्षम हुनेछन्। किनभने पानीविना बाँच्न सकिंदैन।" कतारले सन् २०३६ मा ओलम्पिक खेलकूद आयोजना गर्न चाहेको हल्ला चलेको छ, त्यस अवस्थामा कतारसामु थप चुनौतीहरू हुनेछन्। **– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)**

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिका चीनसँग द्वन्द्व चाहँदैन –किर्बी

वाशिङ्टन, ३ पुस/सिन्हवा

अमेरिकी राष्ट्रिय सुरक्षा परिषद् (एनएससी)का रणनीतिक सञ्चार संयोजक जोन किर्बीले चीनसँगको सुरक्षा चुनौती स्वीकार्दै वाशिङ्टनले बेइजिङसँग द्वन्द्व नचाहेको बताएका छन् ।



अमेरिकी विदेशमन्त्री एन्टोनी जे ब्लिन्केन । तस्वीरः सिन्हवा

किर्बीले अमेरिकी प्रसारण संस्था भ्वाइस अफ अमेरिका (भिओए)लाई दिएको अन्तर्वार्तामा भने, "चीनले पनि विश्वको सुरक्षा वातावरणमा परिवर्तन ल्याउँदै आएको छ । आजभोलि हामी चीनलाई रणनीतिक प्रतिस्पर्धीको रूपमा हेर्छौं भन्ने चर्चा सुनिन्छ तर हामी चीनसँग द्वन्द्व होस् भन्ने चाहँदैनौं ।"

वाशिङ्टन र बेइजिङबीचको प्रतिस्पर्धालाई व्यवस्थित गर्न अमेरिकी विदेश मन्त्रालयले नयाँ 'अफिस अफ चाइना कोअर्डिनेशन' स्थापनापछि ह्वाइट हाउसका अधिकारीले चीनबारे संयोजक किर्बीले यस्तो टिप्पणी गरेका हुन् । उनले भने, "यद्यपि अमेरिकाले सन् २०२२ मा सूचनाको वातावरणमा चीनले खडा गरेको सुरक्षा चुनौतीका लागि तयार रहने ताइवानमा हालैका गतिविधिका कारण ताइवानसँगको सम्बन्धलाई सामान्य बनाउने प्रयास पनि समावेश छ ।

शुक्रवार अमेरिकी विदेशमन्त्री एन्टोनी जे ब्लिन्केनले अफिस अफ चाइना कोअर्डिनेशनको उद्घाटन गर्दै चाइना हाउसले जनवादी गणतन्त्र चीनसँगको अमेरिकी प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न तथा खुला, समावेशी अन्तर्राष्ट्रिय प्रणालीको लागि अमेरिकी दृष्टिकोणलाई अगाडि बढाउन सक्षम भएको सुनिश्चित गर्ने विश्वास व्यक्त गरे ।

विदेश मन्त्रालयले निकालेको विज्ञप्तिमा भनिएको छ, "चाइना हाउसले सुरक्षा, आर्थिक, प्राविधिक, कूटनीतिक र रणनीतिक मुद्दाहरूमा काम गर्न विदेश मन्त्रालयभरिका चिनियाँ विशेषज्ञहरूको एक समूहलाई एकसाथ भेला गर्नेछ । सुधारिएको समन्वयले विदेश मन्त्रालयको नीतिलाई अझ सुसङ्गत बनाउने र अमेरिकालाई सहयोगी र साझेदारहरूसँग अझ गहिरोरूपमा संलग्न हुन अझ राम्रो स्थितिमा पुऱ्याउनेछ ।"

विदेश मन्त्रालयका प्रमुख उपप्रवक्ता वेदान्त पटेलले बिहीवार आयोजित पत्रकार सम्मेलनमा बाइडेन प्रशासनले चीनसँग रणनीतिक प्रतिस्पर्धाको अवस्था र दायरालाई अमेरिकाले मान्यता दिएकाले चाइना हाउस शुरू गरेको बताए । "चाइना हाउस विदेशमन्त्री ब्लिन्केनको आधुनिकीकरणको एजेन्डाको प्रमुख हिस्सा हो, यसले हाम्रा कूटनीतिज्ञहरूलाई २१औं शताब्दीका चुनौतीको सामना गर्न मदत गर्नेछ," उनले भने ।

मे महीनाको शुरूमा ब्लिन्केनले चाइना हाउस निर्माण गर्ने घोषणा गरेका थिए । उक्त हाउसले मन्त्रालयव्यापीरूपमा एकीकृत ढङ्गले काम गर्ने विदेशमन्त्रीले बताएका थिए । उक्त हाउसले मुद्दाहरू र क्षेत्रहरूमा अमेरिकी नीतिको समन्वय र कार्यान्वयन गर्नेछ ।

उनले भने, "म विदेश मन्त्रालय र हाम्रा कूटनीतिज्ञहरूलाई मेरो आधुनिकीकरणको एजेन्डाको एक भागको रूपमा यस चुनौतीको सामना गर्न आवश्यक उपकरणहरू दिन कटिबद्ध छु । यसमा चाइना हाउसको निर्माण पनि समावेश छ । यसले सम्बन्धित मुद्दा र क्षेत्रहरूमा अमेरिकी नीति समन्वय र कार्यान्वयन गर्नेछ र आवश्यकता अनुसार अमेरिकी संसद्सँग काम गर्नेछ ।" रासस

# उत्तर कोरियाद्वारा दुई ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार

सियोल, ३ पुस/एएफपी

प्योङयाङले नयाँ हतियार प्रणालीका लागि ठोस इन्धन प्रयोग गर्ने मोटरको सफल परीक्षण गरेको बताएको केही दिनपछि आइतवार दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ ।

प्योङयाङले गत महीना अहिलेसम्मकै अत्याधुनिक अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपणसहित अभूतपूर्व हतियार परीक्षण गरेपछि कोरियाली प्रायद्वीपमा यस वर्ष सैन्य तनाव ह्वात्तै बढेको छ ।

दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफ (जेसिएस)ले उत्तर प्योङ्गान प्रान्तको तोङचाङ–री क्षेत्रबाट प्रहार गरिएका दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र फेला परेको पुष्टि गरेका हुन् ।

उनका अनुसार ती क्षेप्यास्त्रहरू स्थानीय समय अनुसार बिहान ११:१३ देखि अपराह्न १२:०५ बजेसम्म पूर्वी सागरमा प्रहार गरिएको थियो । जेसिएसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हाम्रो सेनाले संयुक्त राज्य अमेरिकासँग नजीकबाट सहकार्य गर्दै निगरानी र सतर्कतालाई बलियो बनाएको छ ।"

जापानको रक्षा मन्त्रालयका अनुसार उक्त क्षेप्यास्त्र करीब ५०० किलोमिटरको उचाइमा पुगेको थियो ।

"यसले जापान, यस क्षेत्र र अन्तर्राष्ट्रिय समुदायको शान्ति र सुरक्षालाई खतरामा पार्छ र यो बिल्कुलै अस्वीकार्य कार्य हो," वरिष्ठ उपरक्षामन्त्री तोशिरो इनोले भने ।

उत्तर कोरियाले 'हाई थ्रस्ट सोलिड फ्युल मोटर'को परीक्षण गरेको केही दिनपछि आइतवारको प्रक्षेपण भएको हो । उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले यसलाई 'अर्को नयाँ प्रकारको रणनीतिक हतियार प्रणालीको विकासका लागि' महत्त्वपूर्ण परीक्षणका रूपमा व्याख्या गरेका छन् । आफ्नो हतियार कार्यक्रमलाई लिएर अन्तर्राष्ट्रिय प्रतिबन्धका बावजूद प्योङ्याङले अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र (आइसिबिएम)को शस्त्रागार निर्माण गरेको छ ।

यद्यपि उत्तर कोरियाली नेता किम जोङ उनले थप उन्नत क्षेप्यास्त्रका लागि ठोस इन्धन इन्जिन विकास गर्न रणनीतिक प्राथमिकता दिएका छन् ।

नेता किमले यसै वर्ष उत्तर कोरियासँग विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति होस् भन्ने चाहनाका साथ आफ्नो देशलाई 'अपरिवर्तनीय' आणविक राष्ट्र घोषणा गरेका थिए ।

उनले गत वर्ष सार्वजनिक गरेको इच्छासूचीमा जमीन वा पनडुब्बीबाट प्रक्षेपण गर्न सकिने ठोस इन्धनको आइसिबिएम पनि समावेश थियो ।

पछिल्लो ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण उक्त लक्ष्यतर्फको एक कदम थियो, तर यस्तो क्षेप्यास्त्रको विकासमा उत्तर कोरिया कति टाढा पुगेको छ भन्ने स्पष्ट नभएको विश्लेषकहरूले बताएका छन् । यस महीनाको अन्त्यमा हुने पार्टीको बैठकमा अर्को वर्षका लागि पृथक देशको नीतिगत दिशा तय गरिने बताइएको छ । उत्तर कोरियाको सरकारी समाचार संस्थाले यसअघि किमले सन् २०२३ लाई 'ऐतिहासिक वर्ष' हुने बताएका थिए ।

विगतका वर्षहरूमा नेता किमले हरेक जनवरी १ मा सम्बोधन गर्ने गरे पनि तर हालै उनले वर्षको अन्त्यमा हुने पार्टीको पूर्ण बैठकका निर्णय सार्वजनिक गर्ने परम्परालाई त्याग्ने बताइएको छ ।

गत नयाँ वर्षको दिन जारी गरिएको आफ्नो पछिल्लो सम्बोधनमा किमले घरेलु मामिलाबारे बोलेका थिए । गत वर्ष किमले अमेरिकालाई प्रत्यक्ष सम्बोधन नगरे पनि यसपटक भने उनले आफ्नो स्वर परिवर्तन गर्न सक्ने विज्ञहरूले बताएका छन् ।

संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले उत्तर कोरियाले आफ्नो सातौं आणविक परीक्षणको तयारी गरिरहेको महीनौंदेखि चेतावनी दिंदै आएका छन् ।

उत्तर कोरियाले सन् २००६ देखि आणविक तथा क्षेप्यास्त्र गतिविधिलाई लिएर संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा विभिन्न प्रतिबन्ध लगाउँदै आएको छ । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडापरिश्रम |
| मिथुन – कार्यनाश | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनखति |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – राज्यभय | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## वीरगंज महानगरपालिकाको अत्यन्त जरुरी सूचना

यस नगर क्षेत्रमा रहेका सार्वजनिक नालाहरूमा भएको अतिक्रमण मिति २०७९ मङ्सिर २७ गतेभित्र हटाउन हुन जानकारी गराइन्छ । अथवा नहटाएको खण्डमा महानगरपालिकाले उक्त अवैध संरचनाहरू हटाउँदा लाग्ने खर्चसमेत असुल उपर गरिने बेहोरा जानकारी गराइन्छ ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय



## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# संसद् बैठकमा हराउने सांसदलाई प्रविधिले बाँध्दै

काठमाडौं, ३ पुस/रासस

जनप्रतिनिधि अर्थात् सांसदहरू सदन र संसदीय समितिभन्दा बाहिर रमाउन थालेपछि त्यस्तो प्रवृत्ति रोक्न संसद् सचिवालयले विद्युतीय हाजिरी यन्त्र जडान गर्ने तयारी शुरू गरेको छ ।



तस्वीरः फाइल

संसद् र समितिका बैठकमा कुर्सी खाली राखेर सांसदहरू हाजिर गर्नासाथ बाहिर जानेक्रम बढेपछि सचिवालयले विकल्पका रूपमा विद्युतीय हाजिरी व्यवस्थापन गर्न लागेको हो ।

संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले कोरोना सङ्क्रमण हटेको औपचारिक घोषणा भइनसकेको तर सांसदको उपस्थितिको अभिलेख राख्नुपर्ने पक्षलाई दृष्टिगत गरी हातको औंला वा मुखाकृति वा हस्ताक्षरबाट हाजिरी जनाउनका लागि गृहकार्य भइरहेको जानकारी दिए ।

जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने देशको सर्वोच्च जनप्रतिनिधिसभा संसद्का सदस्यको मुख्य जिम्मेवारी संसद् र संसदीय समितिका बैठक, भेला र छलफलमा सहभागी भई मुलुक र जनहितमा विधि निर्माण गर्नु हो । सांसदलाई अनुशासित र कर्तव्यपरायण तुल्याउने औजारका रूपमा विद्युतीय हाजिरी प्रणालीले सहयोग पुऱ्याउनेछ ।

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आफ्नो सदनको कार्य व्यवस्था परामर्श समितिको सुझाव प्रतिवेदनका आधारमा यसअघि नै विद्युतीय हाजिरीको व्यवस्थापन गर्न सचिवालयलाई निर्देशन दिइसकेका छन् । अध्यक्षको निर्देशन अनुसार प्राविधिक पक्ष र सफ्टवेयर विकास गर्नेबारे सचिवालयले अध्ययन शुरू गरिसकेको छ ।

नेपालको संसदीय अभ्यासमा पहिलो अर्थात् विसं २०१६ को संसद्मा जस्तो हार्दिकतापूर्ण, गम्भीर छलफल र बहस त्यसपछिका सदनमा हुन नसकेको टिप्पणी गरिँदै आएको छ । पछिल्ला अधिवेशन बैठकमा जनप्रतिनिधि सदनमा आउने तर उपस्थिति जनाएर अन्यत्र हिंड्नेलगायत प्रवृत्तिले प्रश्रय पाउन थालेपछि सचिवालयले विद्युतीय हाजिरी व्यवस्थापनको पहल गर्न लागेको हो ।

सदन र संसदीय समिति बैठकमा जनप्रतिनिधिको आवश्यक न्यूनतम सङ्ख्या नपुगेर बैठक स्थगन भएका खबर मतदाताले निरन्तर सुन्दै–पढ्दै आएका छन् । जनप्रतिनिधिले विधेयक र प्रस्तावमाथि गहन एवं मसिनोसँग छलफल र बहस नगरी बनेका कानून र लिएका निर्णय गुणस्तरीय हुन नसक्ने विज्ञको तर्क छ ।

सांसदको मुख्य जिम्मेवारी भनेको सदनमा उपस्थित भई विधि निर्माणमा भाग लिनुपर्नेमा बैठक नै छाडेर कहाँ जान्छन् भन्ने प्रश्न सधैंजसो उठ्ने गरेको छ । बैठकमा प्रवेशपूर्व कागजी हाजिरी जनाएर सांसदहरू आफ्नो मूल जिम्मेवारीभन्दा बाहेकका अरू नै काममा लाग्ने, अन्य कक्षमा गई गफ गर्ने, चिया–कफी पिएर घण्टौं समय बिताउने, घाम ताप्ने, सामाजिक कार्यहरूमा संलग्न हुने प्रवृत्ति रहिआएको छ ।

सदनका बैठक 'कोरम' नपुगेर स्थगन हुने तर विधायक भने गैरसरकारी संस्थाका कार्यक्रममा खचाखच हुने कार्य लोकतान्त्रिक शासन व्यवस्थामा शोभनीय नभएको विज्ञ बताउँछन् । पछिल्ला बैठकमा कानून निर्माताको आवश्यक उपस्थिति नपुग्ने, विधेयक र प्रस्तावमाथिको छलफल प्रभावकारी नहुने जस्ता समस्या निरन्तररूपमा रहिआएको छ । सांसदको उपस्थितिको विवरण वेबसाइटमार्फत सार्वजनिकसमेत हुँदै आएको छ ।

राष्ट्रियसभाका पूर्वसदस्य रामनारायण बिडारी सांसदले नीति–विधि बनाउने कि गैरसरकारी संस्थाका कार्यक्रममा भाषण गर्न वा कुलो खन्न जाने भन्ने विषय छुट्याउन नसक्दा बैठक कक्षका कुर्सी रित्ता देखिने बताउँछन् ।

उनी भन्छन्, "यो पुरानो रोग हो, चेतना र कर्तव्यनिष्ठताको विषय हो, कुन बैठकमा कोरम नपुगेको र त्यसमा कुन सांसद उपस्थित भएनन्, कुन विधेयकमाथि छलफल हुँदै थियो भन्ने कुरा पनि सार्वजनिक गरिनुपर्छ । आफ्नो कर्तव्य नबुझ्दा यो अवस्था आएको हो ।"

सचिवालयले हालसम्म सांसदलाई बैठक सकिएको एक घण्टासम्म हाजिर गर्ने सुविधा प्रदान गर्दै आएको छ । विद्युतीय हाजिरीको व्यवस्थापन हुन सकेमा जनप्रतिनिधिले सदन र संसदीय समितिलाई कति समय प्रदान गर्छन् भन्ने स्पष्ट भई बैठक सकिएपछि भत्ताका लागि आएर हाजिर गर्ने चलन अन्त्य हुनेछ ।

संसद्का कामकारबाहीलाई सशक्त र प्रभावकारी तुल्याउन यस्ता नयाँ औजार महत्त्वपूर्ण साबित हुने अपेक्षा गरिएको छ । सदनमा होस् वा समितिका बैठकमा, प्रमुख दलका शीर्ष नेताकै उपस्थिति न्यून हुने प्रवृत्तिले खल्लो तुल्याएको छ ।

उनीहरू अनुपस्थित हुँदा समयमैं लिनुपर्ने निर्णय हुन नसकी विषयवस्तुलाई निष्कर्षमा पुऱ्याउन तगारो लाग्ने गरेको छ । शीर्ष नेताको उपस्थिति भएमा साना मसिना विषयमा हुन सक्ने अल्झन तत्काल अन्त्य गर्न योगदान पुग्नेछ ।

संसदीय समितिबाट उपलब्ध तथ्याङ्क अनुसार दलका शीर्ष नेतामध्ये पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल, डा बाबुराम भट्टराई र झलनाथ खनालबाहेक अरूको उपस्थिति उत्साहजनक देखिन्न ।

संसदीय समिति कानून र विधि निर्माणका हिसाबले प्रारम्भिक र महत्त्वपूर्ण थलोका रूपमा रहने गरेको छ । सदन वा संसदीय समितिलाई प्रभावकारी तुल्याउन तत्तत् राजनीतिक दलका संसदीय दल र सचेतकको समेत महत्त्वपूर्ण भूमिका रहन्छ ।

नेकपा (एमाले)का पूर्वप्रमुख सचेतक विशाल भट्टराई भन्छन्, "सांसद सदन र समितिमा अनुपस्थित हुने अनि बैठक कोरम नपुगेर स्थगन गर्नुपर्ने अवस्था दुःखद हो । यसप्रति धेरैको गुनासो र जनताको आलोचना छ, आगामी दिनमा सच्याएर जानुपर्छ ।"

दलबाट प्रतिनिधिसभा एकजनाको मात्र सहभागिता भएपनि विषयवस्तु उठान गर्ने हिसाबले नेपाल मजदूर किसान पार्टीको भूमिकाको सबैले प्रशंसा गर्दै आएका छन् ।

सदनका बैठकमा लगातार १० पटक उपस्थित नभएमा पद नै समाप्त हुन सक्ने कानूनी व्यवस्था छ । जनप्रतिनिधिको बैठकमा भाग लिने नै मुख्य जिम्मेवारी हो । संसद्मा हुने बहस, सवाल–जवाफ, छलफल, तर्कवितर्क र पैरवीले लोकतन्त्रलाई सुदृढ तुल्याउँछ भन्ने मान्यता छ । राजनीतिको मुख्य केन्द्र र खेल मैदानका रूपमा लिइने नेपालको संसद् दुई सदनात्मक छ । सङ्घीय संसद्को प्रतिनिधिसभामा २७५ तथा प्रबुद्ध एवं ज्येष्ठ उमेरका वर्ग सम्मिलित राष्ट्रियसभामा राष्ट्रपतिबाट मनोनीत हुने तीन व्यक्तिसहित ५९ सदस्य छन् । तल्लो सभामा ३३ प्रतिशत महिलासहित छन् ।

प्रतिनिधिसभाका १०, राष्ट्रियसभाका चार र संयुक्त सदन मातहत दुई विषयगत समिति छन् । विषयगत समिति विधेयक र प्रस्तावमाथिको गहन छलफल हुने थलो हो ।

# दुग्ध सङ्कलन तथा वितरण केन्द्रको उद्घाटन

बलिराम शुक्ल, बिरुवागुठी, ३ पुस/

पर्सागढी नगरपालिका–३ झुलिटारमा रहेको सुनाखरी कृषि सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित दुग्ध सङ्कलन तथा वितरण केन्द्रको आइतवार उद्घाटन गरिएको छ ।

संस्थाकी अध्यक्ष सरस्वती भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रदेशसभा सदस्य श्याम पटेल गरेका थिए । उनले नेपाल कृषिप्रधान देश भएपनि प्रदेश सरकारले सहकारी नीति नबनाएको कारण किसानहरूले मलखाद, बीउबिजनमा समस्या भोग्दै आएको बताए । उनले आफ्नो पहिलो प्राथमिकता प्रदेश सरकारको सहकारी नीति जारी गराउने बताए ।

कार्यक्रममा पर्सागढी नगरपालिकाका वडाध्यक्ष सुकमान तामाङ, पशुसेवा केन्द्र पर्सागढीका प्रमुख इन्द्रकुमार झा, पर्सागढीका सहकारी शाखा प्रमुख शम्भु पण्डितले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्वागत सहकारी संस्थाका सदस्य विक्रम कार्कीले र सहजीकरण दीपेश नेपालले गरेका थिए ।


## नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना

वीरगंज–पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज–पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ । साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रिड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र

# विद्यार्थीद्वारा सहयोग शुल्कको विरोध

प्रस, पर्सागढी, ३ पुस/

पर्सागढी नगरपालिका-४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बर्वाछोटैलीमा सहयोग शुल्कको नाममा अतिरिक्त रकम माग गरिएको भनेर विद्यार्थीहरूले विरोध जनाएका छन् ।

कक्षा ९-१२ का विद्यार्थीहरूले आइतवार वडाध्यक्ष शेख खुर्सेदलाई भेटेर विद्यालयले सहयोग शुल्क लिएको भनेर आक्रोश व्यक्त गरे । उनीहरूले प्रधानाध्यापक रामबहादुर चौधरीको निर्देशनमा कक्षा ९-१२ का विद्यार्थीहरूसँग सहयोग शुल्क लिने कार्य भएको बताए ।

सरकारले सामुदायिक विद्यालयमा शिक्षा निश्शुल्क गरेको तर विद्यालयमा भने सहयोग शुल्कको नाममा रकम उठाउने कार्य भइरहेको भन्दै वडाध्यक्षको ध्यानाकर्षण गराएका थिए ।

विद्यार्थीहरूले विद्यालयको नाममा जग्गा रहेको र केही जग्गामा पोखरी खनिएको र आर्थिक स्रोतको बाटो बनाइएको भएपनि विद्यार्थीहरूसँग सहयोग शुल्क उठाउने कार्य राम्रो नभएको गुनासो पोखेका थिए। उनीहरूले लेखापाल इर्शाद अन्सारीसँग यसबारे सोधनी गर्दा उनले प्रअको निर्देशनमा सहयोग शुल्क लिएको जानकारी गराएको बताए । आफूलाई यसबारेमा केही थाहा नभएको र आदेश पालना मात्र गरेको लेखापालले बताएको विद्यार्थीहरूले वडाध्यक्षलाई जानकारी गराए ।

वडाध्यक्ष अन्सारीले प्रअ चौधरीसँग यसबारेमा बुझेर जवाफ दिने बताए । यसबारेमा प्रअ चौधरीसँग बुझ्दा उनले विद्यालयमा निजी स्रोतका शिक्षकहरू रहेको र उनीहरूलाई तलब दिनका लागि सहयोग शुल्क लिएको बताए । उनले जिल्लाभरिका सामुदायिक विद्यालयहरूमा यस प्रकारबाट सहयोग शुल्क लिइरहेको बताउँदै आफ्नो विद्यालयमा विद्यार्थीहरूबाट थोरै शुल्क लिएको बताए। उनले कक्षा ११ र १२ का लागि पनि दरबन्दीवाला शिक्षक नभएको र निजी स्रोतबाट केही शिक्षकहरू नियुक्त गरिएकाले सोही प्रयोजनका लागि मात्र विद्यार्थीहरूसँग सहयोग शुल्क लिनुपरेको बताए ।



बढी शुल्क लिएको विरोध गर्दै विद्यार्थीहरू । तस्वीरः प्रतीक

# विज्ञान र प्रविधिको प्रदर्शनी

प्रस, वीरगंज, ३ पुस/

वीरगंजस्थित नेशनल इन्फोटेक कलेजका विद्यार्थीहरूले आइतवार विज्ञान तथा प्रविधिसम्बन्धी प्रदर्शनी गरेका छन्।

स्नातक तहमा अध्ययनरत ७० जना विद्यार्थीको सहभागितामा नौवटा समूहले नौथरीका विज्ञान प्रदर्शनी गरेका थिए ।

सूचना तथा प्रविधिको क्षेत्रमा कार्यरत संस्था नेपाल ट्रोनिक्स, काठमाडौंका इलेक्ट्रोनिक इन्जिनीयरद्वय सरोज चौधरी र राजु श्रेष्ठले विद्यार्थीहरूलाई सात दिने प्रशिक्षण दिएका थिए ।

प्रदर्शनीमा कलेजका स्नातक संयोजक विजय कुशवाहा, कम्प्युटर एशोसिएशन महासङ्घ, पर्साका अध्यक्ष प्रशान्त कुमार र नीरज श्रीवास्तवले विद्यार्थीहरूलाई सहजीकरण गरेका थिए ।

कार्यशालामा सिकेका कुराहरूको आधारमा विद्यार्थीहरूले विभिन्न किसिमका नौवटा परियोजना निर्माण गरेका थिए । अञ्जली यादव नेतृत्वको समूहले स्मार्ट डस्टबिन र परमानन्दप्रसाद दास नेतृत्वको समूहले आरएफआइडी स्मार्ट लक बनाएका थिए ।



यसैगरी, प्रतीक्षाकुमारी साह नेतृत्वको समूहले अटोमेटिक स्ट्रीट लाइट, आदर्श कुशवाहा नेतृत्वको समूहले स्मार्ट एलसिटी निर्माण गरेका थिए भने बलबिन्द्र शर्मा नेतृत्वको समूहले वाटर लेभल डिटेक्टर, श्रीनिवास शर्मा नेतृत्वको समूहले पानी शुद्ध गर्ने परियोजना र आयुष गुप्ता नेतृत्वको समूहले ब्लूतुथबाट चलाउन मिल्ने कारको निर्माण, चन्दन चौधरी नेतृत्वको समूहले स्मार्ट इरिगेशन र सद्धाम हवारी नेतृत्वको समूहले स्मार्ट घर निर्माण गरेको एनआई कलेजका प्रबन्ध निर्देशक इन्जिनीयर मनीष सिंहले बताए ।

विज्ञान र प्रविधिको युगमा विद्यार्थीहरूलाई प्रविधिसँग घुलमिल गराउन कलेजले यस्ता कार्यशाला र कार्यक्रमको आयोजना गर्दै आएको र यसले विद्यार्थीहरूको हौसला बढेको उनले बताए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## ट्रकमा ठोक्किएर ...

छन् ।

पूर्व-पश्चिम राजमार्गको भमरा धन्सार पुल सडकखण्डको सिम्री जाने सडकभन्दा करीब दुई सय मिटर पर आज साँझ करीब ७ बजे सो दुर्घटना भएको निजगढ प्रहरीले जनाएको हो । पूर्व जाने क्रममा गाडीको चक्का फेर्न रोकिराखेको प्रदेश २-०३-००१ ख ४२२९ नम्बरको मालवाहक ट्रकमा निजगढबाट सिम्रीतर्फ जाँदै गरेको प्रदेश २-०३ -००९ प ३९४३ नम्बरको मोटरसाइकल ठोक्किएपछि सोमा सवार तीनजनामध्ये दुईजनाको घटनास्थलमैं मृत्यु भएको घटनास्थल पुगेका सुरक्षाकर्मीहरूले बताए ।

घटना भएको जानकारी पाउनासाथ इप्रका, निजगढका प्रहरी निरीक्षक सञ्जीव ओली र जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढका ट्राफिक प्रहरी निरीक्षक सुदर्शन थापासहितको सुरक्षाकर्मी टोली घटनास्थल पुगेको थियो ।

घाइते सुशीलको थप उपचारको लागि वीरगंज रेफर गरिएको निजगढ सामुदायिक अस्पतालले जनाएको छ भने मृतक दुईजनाको शव शल्यपरीक्षणको तयारी भईरहेको जनाइएको छ ।

# खेलकूदको संसार



आइतवार सम्पन्न फिफा विश्वकप फूटबलको फाइनल खेलमा अर्जेन्टिनाले फ्रान्सलाई ३ गोलले पराजित गरेको छ । ३/३ गोलमा खेल बराबरी भएपछि पेनाल्टीमा अर्जेन्टिनाले फ्रान्सलाई ३ गोलले पराजित गरेको छ । तस्वीरः रासस

## मेयरकप टी-२० क्रिकेट : पोखरिया विजयी

प्रस, पोखरिया, ३ पुस/

पोखरिया नगरपालिकामा आयोजित चौथो पालिकास्तरीय मेयकप टी-२० क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार भएको खेलमा पोखरिया नगरपालिका विजयी भएको छ ।



पोखरिया नगरपालिका र छिपहरमाई गाउँपालिकाबीच सम्पन्न सातौं दिनको खेलमा छिपहरमाई गापाले टस जितेर ब्याटिङ रोजेको थियो । ब्याटिङ गरेको छिपहरमाई गापाले निर्धारित २० ओभरमा नौ विकेटको नोक्सानीमा १५० रन बनाएको थियो ।

सो लक्ष्य पोखरिया नपाले १५.२ ओभरमा दुई विकेट गुमाएर पूरा गरी विजयी भयो । खेलको 'म्यान अफ दी म्याच' पोखरिया नपाका नितेश चौधरी घोषित भए ।

भोलि सोमवार सखुवाप्रसौनी गाउँपालिका र बहुदरमाई नगरपालिकाबीच हुने आयोजक समितिले बताएको छ ।

## विश्वकपमा क्रोएसिया तेस्रो

काठमाडौं, ३ पुस/रासस

फिफा विश्वकप फूटबल २०२२ मा क्रोएसियाले तेस्रो स्थान हासिल गरेको छ।

कतारको दोहास्थित खालिफा अन्तर्राष्ट्रिय रङ्गशालामा शनिवार तेस्रो स्थानका लागि भएको खेलमा क्रोएसियाले मोरक्कोलाई २-१ गोलअन्तरले हराउँदै विश्वकपमा तेस्रो स्थान हासिल गरेको हो ।



तस्वीरः रासस

क्रोएसियाले खेलको सातौं मिनेटमा नै अग्रता लियो । जोस्को भार्डिओलले हेडमार्फत गोल गर्दै क्रोएसियालाई अग्रता दिलाएका थिए। तर खेलको नवौं मिनेटमा मोरक्कोका अक्रफ दारीले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए ।

खेलको ४२औं मिनेटमा क्रोएसियाका लागि मिस्लाभ ओर्सिचले गोल गर्दै फेरि अग्रता दिलाए । जुन गोल नै क्रोएसियाको जीतका लागि निर्णायक बन्यो । उनले पेनाल्टी क्षेत्रको बायाँ भागबाट गोल गरे। उनले गरेको प्रहार गोलरक्षक यासिन बोनोको हातमा लाग्दै गोलमा परिणत भएको थियो । हारसँगै मोरक्को विश्वकपको चौथो स्थानमा रह्यो।

## इनरबाइपासको फूटपाथ....

अभियान शुरू गरेको बताए। उनले हिजो र आज गरी दुई दिन लगाएर ४० फिटे बाटोको अतिक्रमण हटाएको बताए ।

केही व्यक्तिले फूटपाथ र नाला अतिक्रमण गरी बनाएका संरचना एक्साभेटरको प्रयोग गरी अतिक्रमित क्षेत्र खाली गराइएको थियो। अभियानमा वीरगंज महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुद्दीन मियाँ, नगरप्रहरी इन्चार्ज हरि भुसाल नेतृत्वको टीम र बसपार्क प्रहरी चौकीका जवानहरूको सहभागिता थियो ।

## जाडोको समयमा चीसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड